# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, चैत्र १७ गते, २०७३ साल (संख्या ६५

## भाग ५

### नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

### मुस्ताङ्ग जिल्ला साविक लोमान्थाङ गाउँ विकास समिति स्थित थुर्लुङ र साविक छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्बन्धी समिति गठन आदेश, २०७३

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी मुस्ताङ्ग जिल्ला स्थित कोरला नाकामा रहने सरकारी कार्यालयहरू स्थापना हुने स्थानसँग सम्बन्धित गाउँपालिकाको जग्गा नाप जाँच गर्ने सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस समितिको नाम "मुस्ताङ्ग जिल्ला साविक लोमान्थाङ गाउँ विकास समिति स्थित थुर्लुङ र साविक छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्बन्धी समिति गठन आदेश, २०७३" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित मुस्ताङ्ग जिल्ला साविक लोमान्थाङ गाउँ विकास समिति स्थित थुर्लुङ र साविक छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्बन्धी समिति सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले नापी विभाग सम्झनु पर्छ ।

३. समितिको गठन : (१) मुस्ताङ्ग जिल्ला साविक लोमान्थाङ गाउँ विकास समिति स्थित थुर्लुङ र साविक छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्बन्धी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ्ग - अध्यक्ष

(ख) प्रमुख, जिल्ला भू-संरक्षण कार्यालय, मुस्ताङ्ग - सदस्य

(ग) मालपोत अधिकृत, मालपोत कार्यालय, मुस्ताङ्ग - सदस्य

(घ) अध्यक्ष, नापजाँचसँग सम्बन्धित गाउँपालिका - सदस्य

(ङ) प्रमुख, नापी कार्यालय, मुस्ताङ्ग -सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले उपयुक्त ठहऱ्याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसारका विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको कार्य क्षेत्रभित्र परेका जग्गा नाप जाँच गरी दर्ता गर्नका लागि अनुसूची-१ बमोजिमको नापी टोली खटाउने,

(ख) खण्ड (क) बमोजिम खटिएको नापी टोलीले जग्गा नाप जाँच गर्दा दफा ६ बमोजिमको तोकिएको कार्यविधि पुरा गरेको छ छैन यकिन गर्ने र कार्यविधि बमोजिमको प्रकृया नपुगेको भए सो पुरा गरी नापजाँच गर्न निर्देशन दिने ।

५. उजुरी र निवेदन : (१) दफा ६ को खण्ड (ग) बमोजिम प्रकाशित सूचनामा चित्त नबुझ्ने पक्षले जग्गा (नाप जाँच) नियमावली,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६९२
मुद्रण विभाग

२०५८ को अनुसूची-५ बमोजिमको ढाँचामा समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी उपर छानबिन गरी समितिले सात दिन भित्र निर्णय गर्नु पर्नेछ ।

६. <u>कार्यविधि</u> : जग्गा नाप जाँच गरी दर्ता गर्नका लागि खटिएको नापी टोलीले देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) समितिको कार्य क्षेत्र भित्र परेको जग्गा नाप जाँच गर्न शुरु गरिने सात दिनको सूचना सम्बन्धित गाउँपालिका र नाप जाँच गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित भएपछि सम्बन्धित गाउँपालिकाका प्रतिनिधि समेतको रोहवरमा जग्गाको साँध सिमाना यकिन गर्ने, नक्सा गर्ने, फिल्डबुक तथा प्लट रजिष्टर तयार गर्ने,

(ग) नाप नक्साको काम समाप्त भएपछि नापी टोलीले जग्गा (नाप जाँच) नियमावली, २०५८ को अनुसूची-२ बमोजिम सात दिनको सूचना प्रकाशन गर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र दाबी उजुर नपरेमा जग्गा (नाप जाँच) नियमावली, २०५८ को अनुसूची-३ बमोजिमको ढाँचामा क्षेत्रीय किताबमा दर्ता गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६४

७. समितिको कार्यालय : समितिको कार्यालय, नापी कार्यालय, मुस्ताङ्गमा रहनेछ ।

८. समितिको कार्यक्षेत्र : (१) समितिको कार्य क्षेत्र मुस्ताङ्ग जिल्लाको साविक लोमान्थाङ गाउँ विकास समितिको वडा नं ३ र साविक छोन्हुप गाउँ विकास समितिको वडा नं. ८ हुनेछ ।

(२) समितिले नाप नक्सा गराउँदा साविक लोमान्थाङ गाउँ विकास समितिको वडा नं. ३ स्थित थुलुङ भन्ने ठाउँको पूर्वमा नजिकैको खोलासम्म, पश्चिममा हाल लोमान्थाङ जाने बाटोबाट एक किलोमिटर पश्चिमसम्म, उत्तरमा फाँटसँगै जोडिएको डाँडाको पानी ढलोसम्म र दक्षिणमा कारक खोला पारि पट्टी सँगै जोडिएको पहाडको पानी ढलोसम्म तथा साविक छोन्हुप गाउँ विकास समितिको वडा नं. ८ स्थित पूर्वमा छोसेरको सीमासम्म, पश्चिममा सँगैको डाँडाको पानी ढलोसम्म, उत्तरमा कोरला पास जाने बाटोको उकालो शुरु हुने स्थानसम्म र दक्षिणमा न्याम्डो गाउँ र हाल अवस्थित छोन्हुप भन्सारको कार्यालयसम्मको क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी नाप नक्सा गराउनेछ ।

९. कर्मचारी सम्वन्धी व्यवस्था : समितिलाई आवश्यक पर्ने कर्मचारी अनसूची-१ बमोजिम व्यवस्था गरी काम सम्पन्न गरिनेछ ।

१०. पारिश्रमिक, भत्ता तथा बैठक भत्ता : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरूले प्रति बैठक एक हजार रुपैयाँका दरले बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले शुरु तलब स्केलको पच्चीस प्रतिशत थप भत्ता पाउनेछन् । तर ज्यालादारीमा भर्ना गरिएका कर्मचारीले यस उपदफा बमोजिमको थप भत्ता पाउने छैनन् ।

११. बजेट सम्बन्धी व्यवस्था : समितिको लागि आवश्यक पर्ने अनसूची-२ बमोजिमको बजेट रू. १४,१५,०००।- (चौध लाख पन्ध्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हजार रुपैयाँ) अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

१२. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्य-सचिवबाट हुनेछ ।

(२) समितिबाट नाप जाँच गराई समितिको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने काम मालपोत कार्यालय, मुस्ताङ्गले गर्नेछ ।

(३) समितिबाट तयार भएको नक्सा र फिल्डबुक नापी कार्यालय, मुस्ताङ्गमा, माइन्यूट, श्रेस्ता तथा अन्य कागजातहरू समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, मुस्ताङ्गमा र जिन्सी सामानहरू नापी कार्यालय, मुस्ताङ्गमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१३. समितिको कार्य अवधि : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले तीन महिना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३६९९

अनुसूची-१
(दफा ९ सँग सम्बन्धित)
**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | सर्भेक्षक (रा.प.अनं. प्रथम) | १ | नापी कार्यालय मुस्ताङ्गले काजमा खटाउने । |
| २. | नायब सुब्बा. (रा.प.अनं. प्रथम | १ | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने । |
| ३. | सर्भेक्षक/नापी निरीक्षक (रा.प प्रथम) | १ | नापी विभागले काजमा खटाउने । |
| ४. | अमीन (रा.प.अनं. द्वितीय) | २ | नापी विभागले काजमा खटाउने । |
| ५. | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | १ | नापी कार्यालय, मुस्ताङ्गले काजमा खटाउने । |
| ६. | नापी कामदार | १४ | ज्यालादारीमा भर्ना गरी खटाउने । |
| | जम्मा | २० | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६८

अनुसूची-२
(दफा ११ सँग सम्बन्धित)
**समितिको लागि आवश्यक बजेट**

| सि.नं. | बजेट शिर्षक | रकम (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| १. | भत्ता | १,२०,०००/- | समिति पदाधिकारीको बैठक भत्ता |
| २. | फिल्ड भत्ता | १,०५,०००/- | नाप नक्सा्को लागि खटिने कर्मचारीको भत्ता |
| ३. | कार्यालय खर्च | ५०,०००/- | समितिको कार्यालय सञ्चालन |
| ४. | कार्यक्रम भ्रमण | १,७०,०००/- | समितिका पदाधिकारीहरूको स्थलगत भ्रमण समेत |
| ५. | केन्द्रीय निरीक्षण/अनुगमन | १,००,०००/- | केन्द्रीय पदाधिकारीहरूको स्थलगत भ्रमण खर्च |
| ६. | नियन्त्रण विन्दु स्थापना र बन्दोबस्तीका सामानहरू | १,२०,०००/- | नियन्त्रण विन्दु स्थापना र बन्दोबस्तीका सामानहरू खरिद |
| ७. | घरभाडा | ३०,०००/- | फिल्डमा टोली मुकाम खडा गर्न |
| ८. | सार्वजनिक निर्माण | ६,५०,०००/- | ज्यालादारी कर्मचारीको लागि |
| ९. | विविध | ७०,०००/- | बैठकको लागि चियापान र पदाधिकारीको स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | १४,१५,०००/- | |

**आज्ञाले,**
**शंकर बहादुर थापा**
**नेपाल सरकारको नि.सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

१३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।